लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुङ्गा

प्रदेश नं. १, नेपाल

पत्र संख्या : ०७७/७८

च. नं.: ४३-०६६/६८

मिति: २०७८/०१/०९

## कृषि यान्त्रीकरण अनुदानको लागी पूर्ण आवेदन पेश गर्ने सुचना

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र ओखलढुंगाले कृषि यान्त्रीकरण अनुदानको लागी प्रथम पटक प्रकाशित गरेको मिति २०७८/०१/०३ को सुचना अनुसार कृषि ज्ञान केन्द्रको आ.व.०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार " कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यक्रम "कार्यान्वियन गर्न कृषि ज्ञान केन्द्रले कार्यक्रम प्रयोजनको लागी मात्र छनौट गरेको आपूर्तिकर्ता र कृषि यन्त्र औजार उपकरणको नामावली तथा अनुदान रकम सुचना पाटिमा प्रकाशन गरेको हुदा कृषि ज्ञान केन्द्रको मिति २०७७/०६/०१ गतेको सुचना अनुसार कृषि यन्त्र उपकरण माग गर्ने कृषक समुह , कृषि सहकारी , निजी कृषि फर्म / उद्यमी तथा व्यक्तिगत वा कृषक उपभोक्ताहरुले कृषि ज्ञान केन्द्रले उपलब्ध गराएको प्रारम्भिक छनौटको फाराम भरी यो सुचना प्रकाशित गरेको मितिले ७ दिन अर्थात २०७८/०१/१६ गते कार्यालय समय भित्र कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । साथै प्रारम्भिक छनौटको लागी चाहिने दरखास्त फाराम लिखु गाउँपालिकाको कृषि कार्यालय बाट उपलब्ध गराउन सकिने वा कृषि विकास निर्देशनालयको वेभसाईट **doad.p1.gov.np** वा **p1.akcnepal.com** बाट समेत डाउनलोड गर्न सकिने जानकारी अवगत गराईन्छ ।

### संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :

**(क)व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्त रुपमा एक भन्दा बढि मिलेर आएमा) को लागि :**

(१) नागरिकता प्रमाण पत्रको प्रतलिपी

(२) मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी

(३) लालपूर्जाको प्रतिलिपी :
खाद्यन्न बाली, तरकारी बाली, आलु बाली, फलफूल वाली आदि : पहाडका लागि ०.५ हेक्टर (१० रोपनी )

(४) आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रमाण पेश गर्नुपर्ने छ ।

(५) आफू ले कमाई आएको जग्गा (गुठीस्वामित्वको वा आफू मोही भएको समेत) वा करारमा लिएको भए कम्तिमा मा पाँच वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेश गर्नुपर्ने छ ।

**(ख) संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी, कृषक समहु , निजी फर्म)**

(१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी

(२) संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्ने छ।

(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी

(४) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

(५) संस्थाको निर्णय प्रतिलिपी

(६) संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारी लाई दिएको अख्तियारी पत्र

(७) अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोट साइजको फोटो १ प्रति

(८) जग्गा दर्ता धनी पुर्जाको प्रतिलिपी :

खाद्यन्न बाली , तरकारी बाली, आलु वाली, फलफूल वाली आदि: पहाडका लागि १.५ हेक्टर (३० रोपनी )

(९) संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेश गर्नुपर्ने छ।

नोटः माथि उल्लेखित आवेदकहरुले दोहोरो पर्नेगरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वघोषणा पत्र समेत पेश गर्नुपर्ने छ।

दिनानाथ चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत

दिनानाथ चौधरी
नि.प्रमुख प्रशासकीय अधिकृत